# सूचना ५

## संवत् २०८३ सालको गठन आदेश (नेराप) नम्बर ७

## बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०८३

बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति (गठन) आदेश, २०६६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ।

**१.** **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस आदेशको नाम "बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०८३" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

**२.** **बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति (गठन) आदेश, २०६६** को दफा ३ मा संशोधन : बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति (गठन) आदेश, २०६६ (यसपछि "मूल आदेश" भनिएको) को दफा ३ का उपदफा (३) र (४) झिकिएका छन्।

**३.** **मूल आदेशमा दफा ३क. थप** : मूल आदेशको दफा ३ पछि देहायको दफा ३क. थपिएको छ :-

"३क. पदमुक्त हुने : (१) यस आदेशमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३ को उपदफा (२) को खण्ड (क), (ख) र (ग) बमोजिम मनोनीत अध्यक्ष र सदस्य तथा दफा ६ बमोजिम नियुक्त कार्यकारी निर्देशकको मनोनयन वा नियुक्ति गर्दा जुनसुकै सर्त,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सुविधा र पदावधि तोकिएको भए तापनि यो आदेश प्रारम्भ भएपछि त्यस्ता अध्यक्ष, सदस्य र कार्यकारी निर्देशक कार्यरत रहेको पदबाट स्वतः पदमुक्त हुनेछन्।

(२) उपदफा (१) बमोजिम पदमुक्त भएका पदाधिकारीलाई मन्त्रालयको सचिव वा निजले अख्तियारी दिएको अधिकारीले पदमुक्त भएको सूचना दिनेछ।"

४. **मूल आदेशको दफा ६ मा संशोधन** : मूल आदेशको दफा ६ को उपदफा (२) र (३) झिकिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।